# मादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की

मादी गाउँपालिका

गण्डकी प्रदेश, नेपाल


पत्र संख्या : २०७७/०७८

मिति : २०७८/०२/१०

माँदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थुमाकोडाँडा, कास्की गण्डकी प्रदेश, नेपाल

विषय : प्रेस विज्ञप्ति ।

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोरोना भाइरस (Covid-19) को संक्रमण दिनानुदिन तीब्र रुपमा फैलिरहेको तथा यस पालिकामा समेत कोरोना भाइरस संक्रमणको दर उच्च रहेको अवस्थालाई मध्यनजर गरी गाउँपालिका भित्र संक्रमणको जोखिमलाई नियन्त्रण गर्ने उद्देश्यका साथ मिति २०७८/०२/१० गते बसेको स्थानीय विपद् व्यवस्थापन समितिको बैठकले देहाय बमोजिमका निर्णय गरेको हुँदा उक्त निर्णयको अक्षरशः पालना गर्नुहुन सम्बन्धित सबैमा हार्दिक अपिल गर्दछु ।

**कोरोना भाइरस नियन्त्रण तथा व्यवस्थापन सम्बन्धमा भएका निर्णयहरु :**

१. अति आवश्यक काम बाहेक घरबाहिर निस्कने, हिँडडुल गर्ने, पोखरा लगायतका वजार क्षेत्रमा आवतजावत गर्ने जस्ता गतिविधि मिति २०७८।०२।२० गतेसम्म पूर्ण रुपमा रोक लगाउने । साथै विवाह, व्रतवन्ध, मृत्यु संस्कार जस्ता धार्मिक तथा सामाजिक कार्यमा अनावश्यक भिडभाड नगर्ने ।

२. अत्यावश्यक सेवा बाहेक गाउँपालिका तथा वडा कार्यालयबाट सेवाग्राहीको भौतिक उपस्थितिमा उपलब्ध गराइने सेवा प्रवाह मिति २०७८।०२।२० गतेसम्म स्थगित गर्ने ।

३. थुम्सीकोट प्राथमिक स्वास्थ्य केन्द्रमा कोरोना भाईरस उपचारको लागि स्थापना भएको अक्सिजन सहितको आइसोलेसन कक्षको क्षमता १५ (पन्ध्र) बेडबाट बढाएर ३० (तीस) बेड पुऱ्याउने ।

४. कोरोना संक्रमित भई होम आइसोलेसनमा रहेका नागरिकहरुलाई अति आवश्यक स्वास्थ्य सामग्री, औषधी, भिटामिन र आर्युवेदिक औषधी, खाद्यान्न लगायतको राहत प्याकेज वितरण गर्ने ।

५. कोरोना भाइरसको महामारी नियन्त्रणको लागि वडा स्तरीय विपद् व्यवस्थापन समिति, जनप्रतिनिधि, स्थानीय राजनीतिक दल, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयं सेविका, शिक्षक, कर्मचारी परिचालन गरी विभिन्न माध्यमबाट जनचेतना प्रवाह गर्ने ।

६. गाउँपालिका प्रवेश गर्ने नाकाहरुमा पालिका भित्र रहेका प्रहरी चौकीसंग समन्वय गरी नागरिकको आवतजावतमा निगरानी गर्ने ।

७. कोरोना भाइरसको संक्रमण नियन्त्रण तथा व्यवस्थापनमा अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई मापदण्डको आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

८. दीर्घरोगीहरुले नियमित सेवन गर्ने औषधीको सहज उपलब्धताको लागि वडाका जनप्रतिनिधि, स्वास्थ्यकर्मी तथा कर्मचारी मार्फत आवश्यक सहजीकरण गर्ने ।

९. गाउँपालिका भित्रका वैंकबाट प्रवाह हुने दैनिक सेवा हप्तामा तीन दिन संचालन गर्ने व्यवस्था मिलाउने ।

१०. कोरोना संक्रमितको लागि २४ सैं घण्टा निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने ।

११. गाउँपालिका भित्र स्वास्थ्य तथा राहत सामग्री वितरण गर्न इच्छुक संघ संस्था तथा व्यक्तिहरुलाई गाउँपालिका मार्फत एकद्वार प्रणालीबाट वितरण गर्न आह्वान गर्ने ।

"कोरोना भाइरसबाट आफु पनि बचौं, अरुलाई पनि बचाऔं"

अध्यक्ष

वेद बहादुर गुरुङ्ग